annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २३८ पृष्ठ | THURSDAY, JANUARY 2, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# उच्च जोखिममा नेपालको साइबर सुरक्षा

साइबर हमलाको मुख्य कारण हो- साइबर सुरक्षा लापरबाही वा कमजोरी । हार्डवेयर र सफ्टवेयर फेल हुनु, मानवीय गल्ती वा कमजोरी, प्राकृतिक विपत्ति पनि साइबर आक्रमणका कारक बन्ने गर्छन् । यसमा पेसेवर ह्याकरदेखि संगठित आपराधिक समूहको संलग्नता हुन्छ । यिनीहरू आपराधिक, राजनैतिक, आर्थिक वा व्यक्तिगत कारणले साइबर हमलामा प्रेरित हुन्छन् । डेटा वा सूचना नियन्त्रणमा लिने, कब्जामा लिएको डेटा वा सूचना बिक्री गर्ने, व्यापारिक गोप्यता भंग गर्ने, व्यापार-व्यवसाय धराशायी बनाउने वा हानिनोक्सानी पुऱ्याउने, रिसइबी वा वैमनस्यता साँध्नेजस्ता उद्देश्यले पनि साइबर हमला हुने गर्छन् । हाल साइबर हमलामा एआईको प्रयोग पनि बढ्दो छ ।

**डा. श्रीकृष्ण भट्टराई**

- को खोजमूलक आलेख

समाचार पृष्ठ २

### सरकारी वेबसाइटमा भएका प्रमुख साइबर हमलाहरू

**मे २०११**
सरकारको वेबसाइटलगायत १६ वटा कार्यालय

**२०१६**
२०० भन्दा बढी वेबसाइट

**जुन २०१७**
पासपोर्ट विभाग

**जुलाई २०१७**
५८ वटा वेबसाइट

**फेब्रुअरी २०१८**
लोकसेवा आयोग

**अप्रिल २०२१**
कृषि मन्त्रालय, राष्ट्रिय मुस्लिम आयोग र केन्द्रीय पुस्तकालय

**मे २०२१**
नेपाल राष्ट्रिय पुस्तकालय

**नोभेम्बर २०२२**
मधेस प्रदेशको लोकसेवा आयोग

**जनवरी २०२३**
४०० भन्दा बढी वेबसाइट

**मे २०२३**
लोकसेवा आयोग

**जनवरी २०२४**
नेपाल सरकारको मुख्य सर्भर

**फेब्रुअरी २०२४**
त्रिवि परीक्षा नियन्त्रण कार्यालय

**अप्रिल २०२४**
नेपाल स्वास्थ्य व्यवसायीपरिषद्

**जुलाई २०२४**
निर्वाचन आयोग नेपाल

**अगस्ट २०२४**
राष्ट्रिय किताबखाना (शिक्षक)

**नोभेम्बर २०२४**
राहदानी विभाग र विदेशस्थित नेपाली नियोगहरू

**जनवरी २०२५**
नेपाल दूरसञ्चार प्राधिकरण



*ग्राफिक्स : रामकृष्ण राना*

# निगमका तीनवटै ट्विनअटर ग्राउन्डेड, मर्मतमा ढिलाइ



**सुनिता कार्की** | *काठमाडौं*

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमसँग आन्तरिक उडानका तीनवटा ट्विनअटर जहाज छन्। तर, तीनवटै ग्राउन्डेड छन्। निगमको एउटा ट्विनअटर त झन्डै १२ वर्षदेखि ग्राउन्डेड छ। डीएचसी ६-३०० कलसाइन एबीएक्सको उक्त जहाज सन् २०१२ अर्थात् (२०६८/०६९ साल) बाटै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा घाम तापेर बसिरहेको छ। उक्त जहाज ग्राउन्डेडपछि दुइटा जहाजले १९ गन्तव्यमा उडान भरिरहेका थिए। तर, ती पनि ग्राउन्डेड भए। इन्जिनमा समस्या देखिएपछि नाइन-एबीटी पनि जेठ २३ बाट ग्राउन्डेड भयो। करिब ६ महिनादेखि एउटा ट्विनअटर नाइन-एबीयूले मात्रै आन्तरिक उडान भर्दै आएको थियो। उक्त जहाजको फ्लाई आवर (उडान घण्टा) सकिएपछि पुस ७ गतेबाट ग्राउन्डेड भयो। आन्तरिक उडानका सबै जहाज ग्राउन्डेड भएपछि निगमको आन्तरिक उडान ठप्प छ। तर वायु सेवा निगम नेतृत्व भने जहाज मर्मतमा उदासीन देखिएको छ।

मुलुकका विकट पहाडी र हिमाली जिल्लामा उडान भर्ने एकमात्र संस्था निगम हो। सबै जहाज थन्किएपछि सबैतिरको आन्तरिक उडान बन्द छ। करारका ४ पाइलट, १९ जना इन्जिनियर र ५० भन्दा बढी प्राविधिक कर्मचारी कामविहीन छन्। उडान ठप्प हुँदा कर्मचारीको तलबलगायत प्रशासनिक खर्चका कारण निगमलाई मासिक करोडौंको आर्थिक हानि भइरहेको कर्मचारीहरू बताउँछन्।

ट्विनअटर नाइन-एबीयू जहाजको इन्जिनको उडान आवर पुस ७ मा सकिँदै थियो। यसै कारण जहाजले २०८१ जेठदेखि उडान आवर सेभिङ रणनीतिमा उडान भरिरहेको थियो। निगमका एक कर्मचारीका अनुसार जहाजको दाहिनेपट्टिको इन्जिनको फ्लाइट आवर (अधिकतम उडान गर्न सकिने) अवधि समाप्त भएको हो।

» बाँकी पृष्ठ ६

# गोदाममा मल, भौतारिँदै किसान

**हरि शर्मा** | *परासी*

कृषि सामग्री कम्पनी परासीको गोदाममा ६ हजार ६ सय ३७ बोरा (३ सय ३१ दशमलव ८ सय ५० टन) युरिया मल स्टक छ। तर, किसानको हात रित्तो छ। त्यसैकारण, सिमावर्ती भारतीय बजारबाट कमसल खालको मल किनेर किसानले गहुँ र उखु खेतीमा प्रयोग गरिरहेका छन। गहुँ र उखु खेतीका लागि युरिया मल चाहिन्छ। तर, गोदाममा थन्किएको मल किसानले असारअघि पाउने छाँटकाँट छैन। किनभने कोटा नआएको भन्दै कृषि सामग्री कम्पनीले मल वितरण गरेको छैन।



**कृषि सामग्री कम्पनी परासीको गोदाममा रहेको मल।** ● हरि शर्मा

लुम्बिनी प्रदेश मन्त्रालयमार्फत कृषि सामग्री कम्पनी भैरहवा प्रदेश कार्यालयले जिल्लाका लागि कोटा निर्धारण गरेर नपठाउँदा मल वितरण गर्न नसकिएको कृषि सामग्री कम्पनी परासीका प्रमुख नरहरि पोखरेलले बताए। कम्पनीमा गत वर्षको मौज्दातसहित चालु वर्षमा कुल २ हजार ९ सय ८४ दशमलव १ सय टन युरिया मल रहेको थियो। २ हजार ५ सय ४२ दशमलव ३ सय टन युरिया मल यसअघि वितरण गरिएको थियो।

» बाँकी पृष्ठ ६

